# प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७८।१०।१०

**प्रस्तावना:** आर्थिक वर्ष २०७८/०७९ को बजेटमा समावेश भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको प्रदेश विकास कार्यक्रम (विशेष) लाई प्रादेशिक सन्तुलन कायम गरी छिटो प्रतिफल आउन सक्ने आयोजना छनोट गरी तत्काल कार्यान्वयनमा ल्याउन आयोजना छनोट सम्बन्धी कार्यविधिलाई व्यवस्थित गर्न आवश्यक भएकोले,

विनियोजन ऐन, २०७८ को दफा १० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रदेश विकास कार्यक्रम (विशेष) कार्यान्वयन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले दफा ६ बमोजिम छनोट भएका आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०७८/०७९ को बजेटमा समावेश भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको प्रदेश विकास कार्यक्रम (विशेष) सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) "समिति" भन्नाले दफा ६ बमोजिम आयोजना छनोटको लागि गठित समिति सम्झनु पर्छ ।

३. **<u>कार्यक्रमको लागि छनोट हुने आयोजना:</u>** कार्यक्रमको लागि प्रदेशभित्रका पूर्वाधार विकास, जलाधार संरक्षण तथा नदी नियन्त्रण, कृषि, स्वास्थ्य, सम्पदा संरक्षण, सहकारी, उद्योग, यातायात, शिक्षा, पर्यटन विकास, खेलकुद तथा युवा परिचालन र सामाजिक विकासका क्षेत्रमा रहेका आयोजना छनोट गर्न सकिनेछ ।

४. **<u>आयोजना छनोटका आधार:</u>** दफा ३ बमोजिम कार्यक्रमको लागि आयोजना छनोट गर्दा देहायका आधारमा छनोट गरिनेछः-

(क) भौगोलिक सन्तुलनका हिसाबले चालु बजेटमा आयोजनाको सङ्ख्या नभएका वा कम भएको क्षेत्रका आयोजना,

(ख) वन क्षेत्र नपर्ने तथा जग्गा विवाद नभएका आयोजना,

(ग) तत्काल कार्यान्वयनमा जाने र प्रतिफल प्राप्त हुने आयोजना,

(घ) विपद्को जोखिम नियन्त्रणको लागि आवश्यक हुने आयोजना,

(ङ) प्रदेशका बासिन्दालाई तत्काल लाभ प्राप्त हुनसक्ने आयोजना ।

५. **<u>आयोजना लागतको सीमा:</u>** यस कार्यविधि बमोजिम आयोजना छनोट गर्दा कम्तीमा पाँच लाख रुपैयाँ र बढीमा पैंतालीस लाख रुपैयाँसम्म लागत भएका आयोजना छनोट गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

६. **आयोजना छनोट समिति:** (१) यस कार्यविधि बमोजिम आयोजना छनोट गर्नका लागि देहाय बमोजिमको आयोजना छनोट समिति रहनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) आर्थिक मामिला तथा योजना मन्त्री -सदस्य

(ग) भौतिक पूर्वाधार विकास मन्त्री -सदस्य

(२) समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

(३) समितिले यस कार्यविधि बमोजिमको आयोजना छनोट गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

७. **आयोजना कार्यान्वयन विधि:** (१) दफा ६ को उपदफा (३) बमोजिम समितिले छनोट गरेको आयोजना मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना बजेट सूचना प्रणालीमा प्रविष्ट भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई अख्तियारी दिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित मन्त्रालयले आफूलाई अख्तियारी प्राप्त भएपछि प्रचलित कानून बमोजिम आयोजना कार्यान्वयन अगाडि बढाउनु पर्नेछ ।

८. **बजेटको सीमा:** (१) यस कार्यविधि बमोजिम छनोट भएका कार्यक्रम कार्यान्वयनका लागि विनियोजित बजेटको सीमाभित्र रही आयोजनाको लागि रकम बाँडफाँट गर्नु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) कुनै आयोजनामा विनियोजित बजेट अपुग हुने भएमा सम्बन्धित मन्त्रालयको बचत बजेटको सीमाभित्र रही अपुग भएको आयोजनामा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम बजेटको अपुग हुने भएमा सम्बन्धित मन्त्रालयले प्रचलित विनियोजन ऐन तथा आर्थिक कार्यविधि ऐन बमोजिम रकमान्तर वा थप बजेटका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रस्ताव गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोतको अवस्था र औचित्यताका आधारमा प्रचलित कानून बमोजिम रकमान्तर वा थप निकासा सम्बन्धी निर्णय गर्नु पर्नेछ।

९. **आवश्यक व्यवस्था मिलाउने:** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा कठिनाई उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक व्यवस्था मिलाउनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश